माधवनारायणको चाँगु यात्रा सम्पन्न

नेपालन्युज माघ २३, २०७६ | बिहीबार

तस्बिर- प्रजेन भँडेल

साँखुको माधवनारायणका व्रतालु 'परदेश यात्रा'का क्रममा चाँगुनारायण पुग्ने चलन छ। यसैअनुसार बिहीबार व्रतालुहरू माधव नारायणको प्रतिमा लिई स्नान गर्न चाँगुको शङ्खदह पुगेका छन्।

चाँगुको पुरानो क्षेत्रलाई नौवटा दहले घेरेको थियो। तर त्यसमध्ये प्रायः पोखरीहरू सुकिसकेका छन् वा कुनै नाम मात्रको बाँकी छ।

माघमा स्वस्थानीको कथा सुन्ने महिनामा माधवनारायणको ‘परदेश यात्रा’सँगै आएका व्रतालुहरूले चाँगुको शङ्खदहमा स्नान गर्ने परम्परा छ। शङ्खदहलाई स्थानीयले साङदह वा कसैले नागपोखरी पनि भन्ने गर्छन्।

शङ्खदहमा पानी नहुँदा पहिले व्रतालुहरूलाई पहिले स्नान गर्न सजिलो थिएन। केही वर्षयता चाँगुनारायण नगरपालिकाअन्तर्गत वडा नं. ४ का वडाअध्यक्ष बुद्धिलाल महर्जनले अस्थायी रूपमै भए पनि पानीको व्यवस्था गरेका छन्।

बोराहरूले घेरेर प्लास्टिकमाथि पानी जम्मा गरेर अस्थायी व्यवस्था मिलाएपछि व्रतालुहरूलाई स्नानकर्ममा सहज भएको हो।

७८ सालभित्र शङ्खदह बनाउने प्रयास

‘आगामी २०७८ सालभित्र शङ्खदहलाई जीवन्त पार्न सबै प्रयास गरिरहेको छु,’ वडाअध्यक्ष महर्जन भन्छन्, ‘यसका लागि काम सुरु भइसकेको छ।’

शङ्खदहको क्षेत्र विकासको कार्यक्रमसहित चाँगुनारायणको गुरुयोजना बन्दै छ। शङ्खदहको सांस्कृतिक, सामाजिक र वातावरणीय पक्षलाई सबल बनाउने लक्ष्य रहेको वडाअध्यक्ष महर्जन बताउँछन्।

आफूलाई धेरैजनाले यस विषयमा आशङ्का व्यक्त गरेको उनको अनुभव छ, तर आफै स्थानीय र सम्पदाप्रेमी पनि भएकोले यसलाई जसरी पनि सम्भव बनाउने 'दौडधूप' गरिरहेको उनी बताउँछन्।

व्रतालुको बसाइँका लागि व्यवस्था

झन्डै २०० को हाराहारीमा 'परदेश' आएका थिए, साँखुबाट। पैदल आएका व्रतालुहरूका लागि राति बस्ने व्यवस्था चाँगुनारायण मन्दिर परिसरकै सत्तलमा हुन्थ्यो।

तस्बिर- चक्रधरानन्द राजोपाध्याय

तर चौघेरा सत्तलका केही भाग अहिले निर्माणाधीन अवस्थामा छ। भूकम्पपछि क्षतिग्रस्त भएका थिए सत्तलका केही भाग। निर्माण कार्यको गति भने द्रुत रूपमा अघि बढ्न सकेको छैन। पुरातत्त्व विभागले पुनर्निर्माणको कार्यको जिम्मा ठेक्कामा दिएको छ।

बुधबार बेलुकी साँखुबाट व्रतालुहरू माधवनारायणको मूर्तिसहित चाँगु आइपुगेका थिए। बिहीबार बिहान स्नान गर्न उनीहरू शङ्खदह पुगेका थिए। बुधबारको रात उनीहरू चाँगुमा वास बस्ने परम्परा छ।

यसका लागि ठेकेदारले नै व्यवस्था मिलाएको पुजारी चक्रधरानन्द राजोपाध्याय बताउँछन्। यसका साथै चाँगुनारायण विकास समिति र वडाका तर्फबाट पनि सहयोग रहेको जनाइएको छ।

प्रकाशित: Feb 06, 2020 | 19:34:55

नेपालन्युज

4 Comments Sort by **Oldest**

Add a comment...

Prajen Gwala Bhadel
यो बर्ष बाँस बस्ने ब्यबस्थापन वोदा कार्यालय को आर्थिक सहयोग मा चागुनारायण युवा समाज ले गरेको हो

Like · Reply · 12w

Chakradharananda Rajopadhyaya
Wadadhyakshalenai thekedarlai basobasko lagi jimma diyeko bhannubhayek ho

Like · Reply · 12w

सम् बोधन
शुक्रबार ब्रतालु हरु कहाँ जाने योजना छ होला कसैलाइ थाहा भए भनिदिनु होला ।

Like · Reply · 12w

Riken Bhadel
thik cha baje yesko lagi sabai basera chalfal garmla.kaam garne kaalu makai khane bhalu vayo.ani changunarayan bikash samiti ko k sahayog raheko thiyo prastha paridinu hola.

नेपालन्युज लाइभ